# झिमरुक गाउँपालिकाको आ.ब. २०८२/०८३ को बजेट

## आय-व्ययको सार्बजनिकिकरण तथा बजेट बक्तब्य

झिमरुक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भ्यागुते, प्युठान
लुम्बिनी प्रदेश,नेपाल
१० असार २०८२

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी, पत्रकारज्यूहरु, सुरक्षाकर्मीहरु, तथा उपस्थित सम्पूर्ण महानुभावहरु,**

!. नेपालको संविधानको धारा २३० बमोजिम झिमरुक गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक तथा गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस अवसरमा विभिन्न कालखण्ड हुँदै समाजबाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापना, नेपालको उन्नती, प्रगति तथा समृद्धिका लागि संघर्ष गर्ने क्रममा आफ्नो ज्यानको बलिदान गर्ने ज्ञात अज्ञात सहिदहरुप्रति उच्च श्रद्धाकासाथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । घाइते तथा अपाङ्ग एवं वेपत्ता भएका परिवारजन प्रति उच्च सम्मान एवं सहानुभूति प्रकट गर्दछु । राष्ट्रियता, राष्ट्रिय हित एवं जनजिविका र न्यायपूर्ण संघर्षको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्दै नेपाली समाजको रुपान्तरणमा सहयोग पुर्याउनुहुने सबैको योगदानको स्मरण गर्न चाहन्छु ।

३. नेपालको वर्तमान संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु संघ र प्रदेश सरकारका नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकासका लक्ष्य, संघ प्रदेश र स्थानीय कानुनबाट निर्देशित हुँदै यसै सम्मानीत गाउँ सभाबाट स्वीकृत गाउँपालिकाको आ. व. २०८२/८३ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेको छु ।यसै गरी राजनितिक दलहरुका स्थानीय नेतृत्वका सुझाव, विगतको अनुभव, नागरिक समाज, निजि क्षेत्र, सहकारी क्षेत्र, स्थानीय सामुदायीक संघ संस्था, वुद्विजीवी, सरोकारवाला निकाय, संचारकर्मी लगायतका क्षेत्रहरुबाट विभिन्न माध्यमहरुवाट प्राप्त राय, परामर्श तथा रचनात्मक सुझावहरुलाई समेट्दै आगामी आ. व. २०८२/८३ को अनुमानित बजेट प्रस्ताव गरेको छु ।

४. वित्तिय संघीयता अनुरुप विभिन्न तह र निकायहरुबाट प्राप्त हुने अनुदान र राजश्वलाई प्राथमिकिकरण गरी बजेटका प्राथमिकता र उद्वेश्य हासिल हुने कार्यक्रमहरुमा लगानी केन्द्रित गरेको छु । सो लगानीबाट कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि, गरिवि न्यूनिकरण, रोजगारी र स्वरोजगारका अवसरमा बृद्धि गर्दै समग्र गाउँपालिकाको विकास हासिल हुने अपेक्षा गरेको छु ।

**अव म आ. व. २०८२/८३ को बजेट तर्जुमाका विधिहरु प्रस्तुत गर्न चाहन्छु ।**

आगामी आ. व. को वजेट तर्जुमा गर्दा निम्न विधिहरुलाई आधार मानिएको छ ।

क. राजश्व प्रक्षेपण, राजश्व परामर्श समितिबाट राजश्वको स्रोत दायरा र दर समेतको विश्लेषण गरी राजश्वको अनुमान र दर सिफारिस ।

ख. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण एवम् आन्तरीक र अन्य स्रोतको अनुमान गरी विषयक्षेत्रगत सीमा र मार्गनिर्देशन ।

ग. बजेट तथा कार्यक्रम तर्जुमा गरी नीति तथा कार्यक्रम, वडागत र विषयगत कार्यक्रमको विश्लेषण गरी कार्यपालिकामा योजनागत सूची ।

घ. गाउँ सभाबाट स्वीकृत नीति तथा कार्यक्रम र कार्यपालिकाबाट पारित गरी पेश भएको आय-व्यय विवरण ।

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु,**

गाउँपालिकाबासीको समृद्धिको सपना साकार पार्न आगामी आ.व. २०८२/०८३ को बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

- ➢गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सहज पहुँच मार्फत मानव बिकासमा जोड दिने,
- ➢भौतिक पूर्वाधारको परिमाण र गुणस्तर अभिबृद्धि गर्दै समृद्धिका सम्भाव्य क्षेत्रहरु पहिचान गर्ने,
- ➢स्थानीय श्रम, सिप र उद्यमशिलता प्रबर्द्धन गर्दै व्यावसायीक कृषि, स्वरोजगारमूलक उद्योग र प्रतिस्पर्धात्मक व्यापारको विकासबाट आत्मनिर्भरतातर्फ उन्मुख गराउने,
- ➢पर्यटन क्षेत्रको प्रबर्द्धन गर्ने,
- ➢गाउँपालिकाको विकासमा जनतालाई सहभागिता र अपनत्वको महसुस गराउने,
- ➢जनताको माग र गाउँपालिकाको प्राथमिकता बमोजिम विकास व्यवस्थापन गर्ने,
- ➢निर्वाहमुखि कृषि प्रणालिलाई व्यवसायिक कृषि प्रणालीको रुपमा विकास गर्ने,
- ➢कृषि र पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर बनाउन सहयोग गर्ने,
- ➢प्राविधिक शिक्षा र सिपमुलक तालिमको माध्यमबाट स्वरोजगार बनाई जनताको जिवनस्तर सुधार गर्ने,
- ➢जनतालाई आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने ।

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु,**

अव म आ.व. २०८२/८३ को बजेटका योजना तथा कार्यक्रमको प्राथमिकिकरणहरु प्रस्तुत गर्न चाहन्छु ।

- आधारभुत र गुणस्तरीय स्वास्थ्य तथा शिक्षा क्षेत्रमा सम्पूर्ण गाउँपालिका बासिहरुको पहुँच,
- कृषि तथा पशुपालनमा आधुनिकिकरण, गुणस्तरीय तथा दिगो भौतिक पूर्वाधार निर्माण सहित आर्थिक विकास र गरिवि निवारण,
- उद्यमशिलताको विकास रोजगारीमा बृद्धि, स्वरोजगार उन्मुख समाजको विकास,
- जनसहभागितामा अभिवृद्धिसंगै दिगो भौतिक पूर्वाधार निर्माण,
- वातावरण संरक्षण र वनको बैज्ञानिक व्यवस्थापन साथै स्रोत साधनको दिगो प्रयोग,
- प्रविधिमैत्री सार्वजनिक प्रशासन र सुशासन,
- विपद् व्यवस्थापनका लागि पुर्व तयारी,
- समानता, समावेशिकरण र सबै प्रकारका विभेदको अन्त्य,
- धार्मिक रुपमा सहिष्णु, स्वतन्त्र र एकताबद्ध समाजको निर्माण ।

क्षेत्रगत प्राथमिकता अन्तर्गत

- सामाजिक विकास क्षेत्र – सामाजिक सुरक्षा तथा संरक्षण, युवा तथा खेलकुद, खानेपानी तथा सरसफाई, भाषा तथा संस्कृति, शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण .
- आर्थिक विकास क्षेत्र – कृषि, उद्योग, पर्यटन, सहकारी, जलस्रोत तथा सिंचाई, पशुपन्छी विकास, भुमि व्यवस्था .
- पूर्वाधार विकास – यातायात पुर्वाधार, भवन, आवास तथा सहरी विकास .

- सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र – शासन प्रणाली, कानुन तथा न्याय, शान्ति तथा सुव्यवस्था, श्रम तथा रोजगारी, योजना तर्जुमा र कार्यान्वयन, बातावरण तथा जलवायु, विपद् व्यवस्थापन, मानव संसाधन विकास .

**अव म चालु आर्थिक वर्षको अवस्था र नीति तथा कार्यक्रम कार्यान्वयनको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

| हालसम्मको झिमरुक गाउँपालिकाको आम्दानी | | |
|---|---|---|
| शिर्षक | बार्षिक आय अनुमान | हालसम्मको आय |
| **नेपाल सरकारवाट प्राप्त अनुदान** | | |
| समानीकरण | १० करोड ११ लाख | ९ करोड २७ लाख ६९ हजार ३६० |
| शर्सत अनुदान चालु | २२ करोड ९६ लाख २० हजार ५०० | २२ करोड १३ लाख ७० हजार ५०० |
| शर्सत अनुदान पुँजिगत | ९ करोड ४७ लाख २४ हजार | ९ करोड २१ लाख ७४ हजार |
| विषेश अनुदान चालु | - | - |
| विषेश अनुदान पुँजिगत | - | - |
| समपुरक अनुदान पुँजिगत | १ करोड | ५० लाख |
| संघीय राजश्व बाँडफाँड -अन्तशुल्क/ मु अ कर | १० करोड २३ लाख | ७ करोड ९४ लाख ९९ हजार ६ सय ०४ रुपैया |
| प्रदेश सरकार | | |
| समानीकरण अनुदान | ६७ लाख ४८ हजार | ५० लाख ६१ हजार |
| शर्सत अनुदान चालु | १६ लाख ५० हजार | १० लाख ८९ हजार |
| शर्सत अनुदान पुँजिगत | ६० लाख | ३९ लाख ६० हजार |
| विषेश अनुदान पुँजिगत | १५ लाख | ९ लाख ९० हजार |
| समपुरक अनुदान पुँजिगत | ७० लाख | २३ लाख १० हजार |
| प्रदेश सरकार राजश्व बाँडफाँड सवारी साधन कर | ३६ लाख ९७ हजार | ४४ लाख ६२ हजार २ सय ३८ रुपैया |
| आन्तरीक आम्दानी अल्या समेत | ३ करोड ६६ लाख ६० हजार ५०० | २ करोड ४५ लाख ०९ हजार ४ सय ९५ रुपैया |
| जम्मा | ६० करोड १० लाख | ५३ करोड २० लाख ९५ हजार १ सय ९६ रुपैया |

**त्यसै गरी, सम्म चालु खर्च तर्फ २४ करोड ८२ लाख २४ हजार ६ सय २७ रुपैया  अर्थात ६३.१ प्रतिशत र पुँजिगत खर्च तर्फ १० करोड ०५ लाख ६१ हजार ३ सय ३८ रुपैया अर्थात ४८.४४ प्रतिशत गरी जम्मा ३४ करोड ८७ लाख ८५ हजार ९६५ रुपैया  अर्थात ५८.०३ प्रतिशत खर्च भएको छ ।**

१. विकास तथा सुशासनका लागि कानूनी आधार तयार गर्ने सिलसिलामा आवश्यक नीति, ऐन, कार्यविधि, मापदण्ड, निर्देशिका, मार्गदर्शन निर्माण भई कार्यान्वयनमा आएका छन् ।अन्य आवश्यक कानूनहरु निर्माणको क्रममा रहेका छन् ।

आ.व. २०८०/८१ मा स्थानीय तह स्वमुल्याङ्कनमा ८४.२५ अंक प्राप्त भएको छ ।यस आ.व. मा सो  भन्दा वढी अंक लिने गरी कार्य भई रहेको छ । सुशासन कायम गर्न गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको व्यवस्था गरिएको छ ।सार्वजनिक महत्वको सूचना ३/३ महिनामा स्वतः सार्वजनिक गर्ने गरिएको छ, साथै नियमित सार्वजनिक सूनवाई  कार्यक्रम सञ्चालन गरी प्राप्त सुझावहरुलाई अनुसरण गर्दै लगिएको छ । कार्यालय परिसर भित्र सि.सि क्यामरा जडान कार्य सम्पन्न भएको छ ।

२. यस अवधिमा गाउँसभा १ ,कार्यपालिका वैठक १५,कर्मचारी वैठक ११ वटा, विपद् व्यवस्थापन समितिको वैठक २ र अन्य विभिन्न बैठकहरु १० गरी जम्मा ३९ वटा वैठक सम्पन्न भएका छन ।

३. यस आ.व मा  घ वर्ग ईजाजतपत्र/नयाँ प्राईभेट फर्म/संस्था/व्यवसाय गरी जम्मा १२ वटा दर्ता भएका छन्

४. यस आ.व मा न्यायिक समितिमा २७ वटा उजुरी निवेदन र गत वर्षका १३ गरी जम्मा ४० उजुरी/निवेदनहरु दर्ता भएका छन। दर्ता/उजुरी निवेदन मध्ये  २४ वटा उजुरी / निवेदन सुनुवाई भएका छन् भने १३ वटा उजुरी /निवेदन मेलमिलापको माध्यमबाट, ८ वटा निर्णय सिफारिस र ३ वटा तामेली गरी २४ वटा उजुरी किनारा लगाइएको छ । मेलमिलापकर्तालाई पुनर्ताजकी तालिम सम्पन्न भएको छ। झिमरुक गाउँपालाकाका  सामुदायिक महिला स्वास्थ्य स्वंय सेविकाहरु र क्याम्पस तथा सामुदायिक विद्यालयहरुमा ११ सय ९० जना विद्यार्थी  र शिक्षकहरुलाई कानुनी शिक्षा सम्वन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको छ

५. यस आ.व. मा सामाजिक सुरक्षा तर्फ जेष्ठ नागरीक, विधवा, अपाङ्ग र दलित वालवालिका गरी जम्मा ३५०६ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् ।यस अवधीमा जन्म,मृत्यु,विवाह वसाईसराई र सम्वन्ध विच्छेद सम्वन्धी व्यक्तिगत घटना १३२९ वटा दर्ता भएका छन् ।

६. झिमरुक गाउँपालिकामा बसोवास गर्ने ४५ वर्ष उमेर पुगेका अविवाहित, श्रीमान वेपत्ता भएका र सम्वन्ध विच्छेद भई अर्को विवाह नगरी वसेका जम्मा १७ जनालाई झिमरुक गाउँपालिकाको एकल महिला भत्ता वितरण सम्वन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१ अनुसार मासिक १ हजारका दरले मासिक भत्ता वितरणको कार्य प्रारम्भ गरिएको छ ।

७. यस आ.व. मा उपभोक्ता समिति मार्फत २३३ र ठेक्का मार्फत १३ गरी जम्मा २४६ वटा योजना संझौता भएकामा हालसम्म ९३ योजनाको भुक्तानी गरिसकिएको छ ।

८. गाउँपालिका केन्द्र नजिक ढाडमा १५ शैयाको अस्पतालको भवन निर्माणाधिन अवस्थामा रहेको छ ।

९. झिमरुक गाउँपालिकाको गौरवको योजना वागदुला मच्छी ढाँडा सडक रु ५ करोडको ठेक्का लगाई निर्माण कार्य भईरहेको छ भने अन्य मुख्य आयोजनाहरु नव्वे भेडावारी सडक, वालुवा, वडाचौर सडक, नं वडा नं ७ को

वडा कार्यालय भवन निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ। ढाँड रकगार्डेन, मैनाकै खेल मैदान,स्नाथान पूर्वाधार विकास योजनाहरुको निर्माण कार्य सम्पन्न हुने चरणमा छन ।

१०. गाउँपालिका भित्र रहेका ७३ खानेपानी योजनाहरुको पानीको गुणस्तर परीक्षण गरिएको छ भने १६ जनालाई ७ दिने खानेपानी मर्मत सम्वन्धी पलम्विङ्ग तालिम प्रदान गरिएको छ ।

११. युवा प्रतिभाहरुलाई खेलमा आकर्षित गरी यसको माध्यमबाट गाउँपालिकाको प्रतिष्ठालाई उचाईमा पुर्याउन पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ।

१२. सामुदायिक विद्यालहरुको भौतिक पूर्वाधार सुधार गर्ने कार्यलाई निरन्तरता दिन यस आ.व.२०८१/०८२ मा झिमरुक गाउँपालिका-१ स्थित श्री अमर प्रा.वि.बालुवा, वडा नं ३ स्थित श्री बालज्योति ने.रा.आधारभूत विद्यालय कुटेडाँडा र वडा नं ६ को श्री बाल सुधार प्रा.वि.थारुखर्कमा शौचालय सहितका ४ कोठे नयाँ भवन निर्माण कार्य अन्तिम चरणमा रहेका छन।

१३. झिमरुक गाउँपालिकाको शिक्षा नीति एवं आवधिक शिक्षा योजना निर्माण भएको छ।झिमरुक गाउँपालिका स्तरीय स्थानीय पाठ्यक्रम (कक्षा १-८) **"हाम्रो झिमरुक"** यस शैक्षिक सत्र २०८२ देखि कक्षा ५ सम्म लागु गरिएको छ ।

१४. शैक्षिक गुणस्तर अभिवृद्धि गर्न योजनावद्ध सिकाईका लागि शिक्षक डायरी निर्माण, IT स्रोत शिक्षकहरुको क्षमता विकास र कक्षा (१-३) का शिक्षकहरुको लागि एकिकृत पाठ्यक्रम सम्वन्धी तालिम सञ्चालन गरिएको छ।

१५. विपन्न वर्गका विद्यार्थीहरुलाई छात्रवृत्तीमा प्राविधिक धार अन्तर्गत सिभिल ईञ्जिनियरिङ अध्ययनका लागि झिमरुक-७ निवासी त्रिभुवन विश्वविद्यालय ईञ्जिनियरिङ अध्ययन संस्थान थापाथाली क्याम्पसमा बि.ई.अध्ययनरत श्री सन्तोष घिमिरे र अशोक पोखेल तथा झिमरुक-८ निवासी राप्ती प्राविधिक शिक्षालय दाङमा डिप्लोमा ईन ईञ्जिनियरिङ अध्ययनरत बिशाल बस्नेत र रमेश जि.सी.लाई सम्बन्धि कोर्ष पुरा गर्दा सम्मलाई छात्रवृत्ती रकमल उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइएको छ। गाउँपालिकाको ७५ प्रतिशत लगानीमा झिमरुक-७ निवासी संगिता जि.सी.ले एम.वि.वि.एस कोर्ष पुरा गर्नु भएको छ।

१६. उद्योग लक्षित आलु प्रवर्द्धन कार्यक्रमको लागि झिमरुकको प्रमुख आलु उत्पादन हुने क्षेत्र झिमरुक गा.पा ३ को दारिमचौर देखि आहालखोला, ढाकेडिही सम्म लाई समेटेर बुटवल स्थित First choice foods private limited संग सम्झौता गरि १४ हजार ५ सय के. जी. आलुको बिउ पचास प्रतिशत अनुदानमा वितरण गरिएकोमा उत्पादन पश्चात १५ हजार ६ सय २४ के.जी. आलु विक्रिकालागी कम्पनीमा पठाईएको छ ।

१७. संघीय शसर्त अनुदान तर्फको गहुँ बालीको उन्नत बीउ उपयोगमा पचास प्रतिशत मूल्य अनुदान कार्यक्रम अन्तर्गत कृषकको माग संकलनको आधारमा रु. ३ लाख १० हजार ५ सय बराबरको स्वर्गद्धारी, भृकुटी र विजय जातका जम्मा ३४सय ५० किलो बिउ खरिद गरि वितरण गरिएको छ ।जसबाट कृषि सहकारी संस्था कृषक समूह र विभिन्न फर्म गरि करिब ६सय जना कृषक लाभान्वित भएका छन ।

१८. एकीकृत कृषि तथा पशुपन्छी बिकास कार्यालय खलंगा, प्यूठानवाट भेडाबाख्राहरुमा लाग्ने महामारी पि.पि.आर.रोग विरुद्धको पन्ध्र हजार मात्रा खोप निशुल्क उपलव्ध भएको मा झिमरुक गाउँपालिका भित्रका १५हजार पशुहरुलाई लगाईएको छ ।खोरेत रोग बिरुद्धको ५ हजार मात्रा खोप मध्ये ४४ सय ५८

गाई/भैसीहरुमा लगाईएको छ कृतिम गर्भाधान कार्यक्रम अन्तरगत १४ वटा गाई/भैसी मा कृतिम गर्भाधान सेवा उपलव्ध गराईएको छ ।

१९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत तर्जुमा भएका १४ योजनाहरुमा सुचिकृत वेरोजगारहरु मध्ये ८४ जनाले १०० दिन वरावर रोजगारी प्राप्त गरेका छन । यस आ.व मा श्रम स्विकृतिको लागि ८७ जनालाई सहजीकरण गरिएको छ ।

२०. यस आ.व. मा विपद् व्यवस्थापनकोषवाट विभिन्न विपद्जन्य घटनावाट प्रभावित ६० जना व्यात्तिहरुलाई राहत रकम उपलव्ध गराईएको छ ।चार दिने गाँउपालिका स्तरीय विपद् प्रतिकार्य तथा कृतिम अभ्यास तालिम कार्यक्रममा प्रत्येक वडा र विपद् व्यवस्थापन समितिबाट प्रतिनिधित्व हुने गरि २५ जनालाई सहभागि गराइएको छ ।

२१. झिमरुक गाउँपालिका वडा नं ६ का धगे र कुभिन्डे वस्तिका सुनौलो हजार दिनका २८ जना आमाहरुलाई २५ हजारका दरले अनुदान वितरण प्रक्रिया अगाढी वढाईएको छ ।

२२. संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने विपन्न नागरीक औषधी उपचार सहायता ३६ जनालाई सिफारीस गरिएको छ ।

२३. झिमरुक गाउँपालिकामा बसोबास गर्ने ३० बर्ष माथिका ११ सय ७९ जनालाई नसर्ने रोगहरुको स्क्रिनिङ्ग सम्बन्धी स्वास्थ्य शिबिर, सबै वडाका बस्तिस्तरमा स्वास्थ्यकर्मीहरु परिचालन गरी आवश्यक परामर्श सेवा, उपचारात्मक सेवा र प्रेषण सेवा प्रदान गरिएको छ।

२४. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका क्यान्सर रोगि र मेरुदण्ड सम्वन्धी जम्मा ५२ जना विरामीहरुलाई औषधि उपचार बापत मासिक ५ हजार भत्ता उपलब्ध गराइरहेको छ ।

२५. झिमरुक गाउँपालिका र प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल विजुवारको साझेदारीमा यस गाउँपालिकाभित्र वसोवास गर्ने ६० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरु र महिला स्वास्थ्य स्वयम् सेविकाको लागि आँखाको औषधी उपचार ६ सय ३ जना र आँखाको अप्रेशन सुविधा ३६ जनालाई निशुल्क रुपमा उपलब्ध गराइएको छ ।

२६. झिमरुक गाउँपालिकामा रहेका विपन्न परिवारका लागि निःशुल्क स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत ८ वटा वडाका ८० जनालाई स्वास्थ्य विमा गरिएको छ ।

२७. झिमरुक गाउँपालिकाभित्र गर्भवती महिलाहरुका लागि प्रसुती सेवा लिंदा लाग्ने यातायात खर्च गाउँपालिका आफैले तिरिदिने प्रवन्ध मिलाइएको छ । जस अन्तर्गत चालु आ.व. को हालसम्म जम्मा ३६५ जना गर्भवति महिलालाई यातायात खर्च गाउँपालिकाबाट भुक्तानी गरिएको छ ।

२८. आम नागरिकको आधारभुत स्वास्थ्य सेवालाई सरल, सहज र पहुँच योग्य वनाउन वडा नं २ को देउराली र वडा नं ५ को ओखरकोटमा सामुदायिक स्वास्थ्य सेवा केन्द्र स्थापना गरी सञ्चालनमा ल्याईएको छ भने वडा नं. ७को कुतामा आगामी वर्षदेखि सञ्चालनमा ल्याईने छ ।

झिमरुक गाउँपालिकामा रहेका २० वटा सहकारी संस्थाहरुको गाउँपालिकाबाट अनुगमन तथा सुपरीवेक्षण पश्चात समग्र अवस्था चित्रण गरी ४ वर्गमा स्तीकरण गरिएको छ । साथै सहकारी संस्थाहरुको सवलीकरणको लागि

संस्थाका अध्यक्ष,लेखा सुपरीवेक्षण समितिका संयोजक र व्वस्थापकहरुलाई ५ दिने कोपोमिस र लेखा व्यवस्थापन पुनर्ताजगी, सहकारी नेतृत्व तथा वित्तीय विश्लेषण सम्बन्धी एकिकृत तालिम कार्यक्रम सम्पन्न गरिएको छ ।

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु,**

अव म झिमरुक गाउँपालिकाको आ. व. २०८२/०८३ को लागि विषय क्षेत्रगत विनियोजन तथा कार्यक्रमको संक्षिप्त विवरण पेश गर्न चाहन्छु ।

**आर्थिक विकास क्षेत्र**

आर्थिक विकास विना दिगो र सन्तुलित विकास सम्भव छैन भन्ने कुरालाई मध्यनजर गर्दै कृषि, पशुपन्छी, पर्यटन, सिंचाइ लगायतका क्षेत्रमा प्राथमिकताकासाथ बजेट विनियोजन गरिएको छ । आर्थिक विकासका मुख्य क्षेत्र कृषि, उद्योग, पशुपन्छी विकास, पर्यटन, सिंचाइ लगायका क्षेत्रमा रु २ करोड ९२ लाख ७६ हजार वजेट विनियोजन गरेको छु ।

**कृषि तथा पशुपन्छी विकास**

१.निर्माण सम्पन्न भएको चिस्यान केन्द्र सञ्चालन गर्न रु २० लाख रकम विनियोजन गरेको छु ।

२. व्यवसायिक कृषक तथा लघु उद्यमीलाई प्रोत्साहन गर्न कृषी तथा लघु उद्योग अनुदानको लागि रु ११ लाख रकम विनियोजन गरेको छु ।

३.कृषि क्षेत्रमा देखिने विभिन्न रोग तथा किराहरु, मौषमका कारण हुने बालीको क्षतीबाट कृषकहरुलाई राहत उपलब्ध गराउन आकस्मिक बाली संरक्षणका लागि रु ३ लाख ४० हजार रकम विनियोजन गरेको छु ।

४. उत्पादित कृषि उपजको वजारीकरणको लागि निर्माणाधिन कृषि हाटबजार केन्द्र सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५. धान गँहुको विउमा अनुदान तथा मकै वालि प्रवर्द्धनको लागि १४ लाख ३६ हजार रुपैया वजेट विनियोजन गरेको छु ।

६. अनौपचारीक क्षेत्रका श्रमिक र स्वरोजगार रहेका व्यक्तिहरुलाइ सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरी कृषक पेन्सन कार्यक्रमको लागि ३ लाख बजेट विनियोजन गरेको छु ।

५. पशु विकास तर्फ आन्तरीक र बाह्य परजिवि नियन्त्रणका लागि औषधि वितरण, कृत्रिम गर्भाधान कार्यक्रम, पशु औषधी खरिद लागी रु १३ लाख रुपैयाँ वजेट विनियोजन गरेको छु ।

६. समग्रमा कृषि तथा पशुपन्छी क्षेत्रमा रु १ करोड २२ लाख २५ हजार बजेट विनियोजन गरेको छु ।

**घरेलु, साना उद्योग तथा उद्यम विकास**

१.घरेलु, साना तथा मझौला उद्योगलाई संरक्षण गरी स्थानीय कच्चा पदार्थ र श्रममा आधारीत उत्पादन प्रणालिलाइ विकास गर्न उद्योग क्षेत्र अन्तर्गत रु २० लाख २० हजार बजेट विनियोजन गरेको छु ।

**पर्यटन विकास**

१. आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धन गर्न जोड दिने नीति अनुरुप पर्यटकिय क्षेत्रको पूर्वाधारहरुको विकास गर्न ११ लाख ५१ हजार रकम विनियोजन गरेको छु ।

२. झिमरुक गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रहरुको सम्भाव्य अध्ययन सहित पर्यटन गुरु योजना निर्माण गरी पर्यटन क्षेत्रको विकास गर्न रु ५ लाख बजेट विनियोजन गरेको छु।

३ ढाँड रक गार्डेन भित्र व्यायमशाला निर्माण गर्न रु ४ लाख बजेट विनियोजन गरेको छु।

**सहकारी**

१. झिमरुक गाउँपालिकाभित्र स्थापना भई सञ्चालनमा आएका सहकारीहरुको वित्तिय पहुँच विस्तार, सामाजिक र आर्थिक सशक्तिकरण र उत्पादशिल क्षेत्रमा सहकारी संस्थालाई परिचालन गर्न आवश्यक अनुगमन, नियमन गरी सहकारी क्षेत्रको क्षमता विकास तथा सहकारी क्षेत्रको पूर्वाधार निर्माणको लागि ६ लाख ५० हजार रकम विनियोजन गरेको छ।

**जलस्रोत र सिंचाई**

१. सिंचाइ सुविधाको व्यवस्था गरी कृषि तथा वेमौसमी खेती गर्नका लागि  विभिन्न सिंचाई कुलो निर्माण, सिंचाइ पोखरी निर्माणका लागि रु १ करोड ०९ लाख ८६ हजार रकम विनियोजन गरेको छ ।जस अन्तर्गत साना ठुला गरि ७८ वटा योजना तथा कार्यक्रम संचालन गरिने छ।

**भुमी व्यवस्था**

**१. गाउँपालिका क्षेत्र भित्रको जग्गा वर्गिकरण गर्नका लागि रु. १३ लाख बजेट बिनियोजन गरेको छ।**

**२. विभिन्न तटवन्ध तथा नदी नियन्त्रण गरि भुमी संरक्षण गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छ।**

**३. समग्रमा यस उपक्षेत्रमा रु २२ लाख ४४ हजार बजेट विनियोजन गरेको छ।**

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु,**

अव म सामाजिक विकासतर्फका क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।यस क्षेत्रमा ४२ करोड ३६ लाख ६४ हजार बजेट विनियोजन गरेको छ।

**शिक्षा, युवा तथा खेलकुद**

१.झिमरुक -५ मच्छीमा रहेको गौमुखी क्याम्पसमा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरुलाई निशुल्क अध्ययन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छ । साथै गाउँपालिकाका सम्पुर्ण सामुदायीक विद्यालयहरुमा शिक्षक अभावको समस्या समाधान गरी शैक्षिक गुणस्तर अभिबृद्धि गर्न शिक्षक व्यवस्थापनका लागि रु ३ करोड ९७ लाख बजेट विनियोजन गरेको छ ।

२. कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम (हाम्रो झिमरुक) निर्माण भई कक्षा ५ सम्म लागु भैसकेकोले आगामी शैक्षिक सत्र देखि कक्षा ८ सम्म लागु गर्न  रु १० लाख वजेट विनियोजन गरेको छ ।

३. युवा तथा खेलकुद संग सम्वन्धित समसामयीक कार्यक्रम व्यवस्थापन तथा खेलकुद प्रतियोगिताहरु संचालन गर्न रु १३ लाख  वजेट विनियोजन गरेको छ ।

४. खेल मैदान निर्माण तथा मर्मतको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

५.झिमरुक गाउँपालिकाका विपन्न वर्गका विद्यार्थीहरुलाई  प्राविधिकधारतर्फ कृषि तथा पशु विज्ञान अध्ययनका लागि छात्रवृति उपलब्ध गराउन रु २ लाख वजेट विनियोजन गरेको छ । यस अघि छात्रवृति प्राप्त गरि अध्ययन गरिरहेका विद्यार्थिहरुलाई निरन्तरता दिएको छ ।

६.झिमरुक गाउँपालिकाका सामुदायीक विद्यालयमा अध्ययनरत छात्राहरु महिनावारीको समयमा समेत स्वास्थ्य सावधानीका साथ सिकाइ सहजीकरणमा सक्रिय सहभागिता बृद्धि गर्नका लागि निशुल्क स्यानेटरी प्याड उपलब्ध गराउन रु १७ लाख ३० हजार रकमको व्यवस्था गरेको छ ।त्यस्तै विद्यालय छात्राहरुको महिनावारी स्वच्छता सुनिश्चितता गरि पूर्ण महिनावारी स्वच्छता गाउँपालिका घोषणा अभियान सम्पन्न गर्न रु ६ लाख बजेट बिनियोजन गरेको छ।

७ विभिन्न विद्यालयको भौतिक पूर्वाधार निर्माणको लागि १ करोड ५७ लाख ९८ हजार बजेट विनियोजन गरेको छु।

८ प्रविधिमा आधारित सिकाई सहजिकरणको सुनिश्चितता गर्न विद्यालयमा स्मार्ट वोर्ड र ल्याप्टप व्यवस्था गर्न रु १ करोड १२ लाख बजेट विनियोजन गरेको छु।

९. विद्यालयमा इ हाजिरी जडान गर्न रु ३ लाख बजेट विनियोजन गरेको छु।

१० झिमरुक गाउँपालिकाको शैक्षिक पूर्वाधारको विकास, शैक्षिक जनशक्ति व्यवस्थापन तथा क्षमता अभिबृद्धि सिकाइ सहजिकरणमा नविनतम विधि र प्रविधिको प्रयोग गरी गुणस्तरीय र जिवननोपयोगी शिक्षाको सुनिश्चितताका लागि शिक्षा, युवा तथा खेलकुद क्षेत्रमा जम्मा रु २७ करोड ०५ लाख ६६ हजार बजेट विनियोजन गरेको छु।जुन कुल बजेटको ४२.९५ प्रतिशत हो।

**स्वास्थ्य तथा पोषण**

१. ६० वर्ष भन्दामाथिका ज्येष्ठ नागरिकहरु र महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई नि-शुल्क आखाँ उपचारका लागि प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल विजुवारमा आ.व.२०७६/७७ देखि उपचारको व्यवस्था मिलाईएकोमा आ.व २०८२/८३ मा पनि सो सुविधा उपलब्ध गराउन रु ८ लाख बजेट व्यवस्था गरेको छु।

२. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि सूचीकृत गरिएका अत्यावश्यक निशुल्क औषधी वितरणका लागि रु २५ लाख २८ हजार ६ सय बजेट विनियोजन गरेको छु ।

३. नागरीक आरोग्य केन्द्रलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक वजेट बिनियोजन गरेको छु ।

४. झिमरुक गाउँपालिकाभित्र सुचिकृत स्वास्थ्य संस्थाहरु र जिल्ला अस्पतालमा प्रसुति सेवा लिन जाँदा र फर्कंदा लाग्ने यातायात खर्चमा नेपाल सरकारले दिएको यातायात खर्च सुविधामा थप रकम उपलव्ध गराउन रु ५ लाख बजेट व्यवस्था गरेको छु ।

५. झिमरुक गाउँपालिकामा रहेका विपन्न परिवारका लागी निशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिन रु २ लाख ८० हजार वजेट विनियोजन गरेको छु ।

६. झिमरुक गाउँपालिकाका विभिन्न स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य ईकाइ, खोप क्लिनिक र गाउँघर क्लिनिकको पूर्वाधार निर्माण गर्न ८९ लाख ७५ हजार बजेट विनियोजन गरेको छु।

७. झिमरुक गाउँपालिका वडा न ५ ढाँडमा निर्माणाधिन १५ शैयाको अस्पताल भवन निर्माणको लागि ८ करोड ३३ लाख वजेट विनियोजन गरेको छु ।

८. झिमरुक गाउँपालिकाभित्र रहेका एच आइ भि संक्रमितहरुको लागि पोषण स्वास्थ्यमा सुधार ल्याउने र विभेद न्यूनिकरण सम्वन्धि अभिमुखिकरण कार्यक्रमको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

९. बहुक्षेत्रिय पोषण कार्यक्रम मार्फत सुनौलो हजार दिनका आमा र वच्चालाइ केन्द्रमा राखि पोषण कार्यक्रम संचालनको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

१०. झिमरुक गाउँपालिकामा रहेका महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकालाई प्रोत्साहन क्षमता अभिवृद्धीको लागि रु ४२ लाख ६० हजार ४ सय रूपैया बजेट व्यवस्था गरेको छु।

११. म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य घरटोलमा स्वास्थ्य पर्वद्धन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१२.   समग्रमा स्वास्थ्य तथा पोषणको क्षेत्रमा रु १३ करोड २० लाख ०४ हजार बजेट विनियोजन गरेको छु ।

**खानेपानी तथा सरसफाई**

१.खानेपानी तथा सरसफाई जनताको प्रत्यक्ष स्वास्थ्यसँग जोडिएको महत्वपुर्ण क्षेत्र भएकोले सो क्षेत्रको क्षमता विकास र भौतिक पूर्वाधार विकासको लागि रु १ करोड ०१ लाख ४६ हजार रकम विनियोजन गरेको छु । जस अन्तर्गत ५७योजना तथा कार्यक्रमहरु संचालन गरिने छ ।

**भाषा तथा संस्कृति**

१.झिमरुक गाउँपालिका भित्र रहेका विभिन्न मठ मन्दिर निर्माण/मर्मत तथा यहाँ प्रचलनमा रहेका साँस्कृतिक तथा धार्मिक कार्यक्रमहरुको संरक्षण तथा प्रवर्द्धन गर्न रु २४ लाख ९८ हजार बजेट विनियोजन गरेको छु ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

१.आर्थिक, सामाजिक र शैक्षिक रुपमा पछाडी परेका महिला, दलित, आदिवासी, जनजाति  अपाङ्ग, जेष्ठ नागरीक लगायतका बर्ग तथा समुदायका लागि विभिन्न कार्यक्रम संचालन गर्न रु २८ लाख हजार बजेट विनियोजन गरेको छु ।

२.संघीय सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा बापतको रकम रु १२ करोड सामाजिक सुरक्षा भत्ताको लागि खर्च हुनेछ।

३.असहाय विपन्न ४५ वर्ष माथिका एकल महिलाहरुको सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन आवश्यक वजेटको विनियोजन गरेको छु।

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु,**

अब म पूर्वाधार विकास क्षेत्र तर्फ प्रस्तावित कार्यक्रम एवं विनियोजित वजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

भौतिक पूर्वाधारको विकास विना अन्य क्षेत्रको विकासले गति लिन नसक्ने कुरालाई ध्यानमा राखी यातायात पुर्वाधार, भवन, आवास तथा सहरी विकास उर्जा जस्ता विकासका पूर्वाधारलाई उच्च प्राथमिकतामा राख्दै रु ७ करोड ३० लाख ०९ हजार बजेट विनियोजन गरेको छु ।

**यातायात पूर्वाधार**

१.यातायात पूर्वाधार अन्तर्गत सडकहरु निर्माण/मर्मत/स्तरउन्नती, घोरेटो/गोरेटो बाटाहरु निर्माण/ मर्मत/ स्तरउन्नती, झोलुङ्गेपुल निर्माणका लागी रु ५ करोड २६ लाख ८४ हजार बजेट विनियोजन गरेको छु ।

२. बाग्दुला – बतासेडाँडा – मच्छी – ढाँड सडकलाई आ व २०८२/८३ मा गाउँपालिकाको पहुँच मार्ग भित्रको मापदण्डमा रहि स्तरउन्नती गर्न बहुवर्षीय आयोजनाको रुपमा ७ करोड लागत अनुमान गरिएकोमा आ.व. २०८२/८३ को लागि रु १ करोड ७५ लाख बजेट विनियोजन गरेको छु ।त्यस्तै  ज्यामुर खोला मच्छी ढाँड हल्ते हुँदै बादिकोट चिफ्लेटी वडा नं ५, ३ र २ वडा कार्यालय पहुचमार्ग स्तरोन्नतीको लागि रु ६७ लाख र झिमरुक रिङ्गरोड निर्माणको लागि रु ६० लाख बजेट विनियोजन गरेको छु।

३.विभिन्न क्षेत्रहरुसँग झिमरुक गाउँपालिकाबाट पूर्वाधार क्षेत्रमा म्याचिङ्ग गरी साझेदारी विकासका क्रियाकलाप अगाडी बढाउने नीति अनुरुप म्याचिङ्ग फन्डको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

४. प्राथमिकताको आधारमा छनोट भएका चिसावाङ, ढाडा पिडाल्ने, वासाखोला र साहुखुट्टा सिमलचौरमा झोलुङ्गेपुलको निर्माण कार्यका लागी रु ८ लाख बजेट विनियोजन गरेको छु।

**भवन आवास तथा सहरी विकास**

१.नागरीकहरुको सुरक्षित आवासको हकलाई मध्यनजर गर्दै पराल र खरको छाना भएका घर परिवारलाइ जस्तापाताको छानामुनी ल्याउने  गरि सुरक्षित नागरिक आवास कार्यक्रमको लागि रु २६ लाख वजेट विनियोजन गरेको छ ।

२. झिमरुक गाउँपालिका वडा न २ मा वडा कार्यालय भवन निर्माणको लागि रु ५५ लाख वजेट विनियोजन गरेको छु ।

३.झिमरुक गाउँपालिकाका विभिन्न शौचालय, भवन तथा प्रतिक्षालय निर्माणका लागि रु १ करोड ९३ लाख ८५ हजार बजेटको व्यवस्था गरेको छु ।

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु,**

अव म सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ प्रस्तावित कार्यक्रम एवं विनियोजित वजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र**

शासन प्रणाली, प्रशासकीय सुशासन, वित्तिय सुशासन, कानुन तथा न्याय, बातावरण तथा जलबायु, मानव संसाधन विकास, श्रम तथा रोजगारी र विपद् व्यवस्थापन समेतका क्षेत्रलाइ प्राथमिकतामा राखी बजेट विनियोजन गरेको छु । यस क्षेत्रका लागि कुल रु १ करोड १० लाख ८५ हजार रकम विनियोजन गरेको छु ।

**शासन प्रणाली**

झिमरुक गाउँपालिका र जनता विचको सम्वन्ध र गाउँपालिकाले गरेका प्रतिवद्धतालाई जनता समक्ष प्रत्याभूत गराउने नीति अनुरुप सेवा प्रबाह सम्वन्धि सार्वजनिक सुनुवाइ,घुम्ति शिविर कार्यक्रम आन्तरिक नियन्त्रण प्रणाली निर्माण, विभिन्न सचेतनामुलक कार्यक्रम तथा क्षमता विकास लगायतका कार्यक्रमको लागि रु ३२ लाख ३५ हजार विनियोजन गरेको छु ।

**कानुन तथा न्याय**

१.गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने उजुरी /निवेदन सम्वन्धि न्यायीक निरुपण गर्न तथा कानूनी शिक्षा पहूँच अभिवृद्धी गर्न विभिन्न कार्यक्रमको लागि रु १८ लाख रकम विनियोजन गरेको छु ।

३.मेलमिलापकर्ताहरुको लागि सुविधा, पुनर्ताजगि तालिम तथा जिल्ला सम्मेलन कार्यक्रमको लागी आवश्यक विनियोजन गरेको छु

**बन बातावरण तथा विपद्**

१. फोहमैला व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२.विपद कोषमा रकम अभाव हुन नदिन रु १५ लाख बजेट व्यवस्था गरेको छु। जस्बाट विपद् व्यवस्थापन सम्वन्धि पूर्व तयारी प्रतिकार्य तथा समग्र विपद्जन्य प्रकोपबाट गाउँपालिकाबासीलाई सुरक्षित गर्न उद्दार, राहत र पुनर्स्थापनाको जिम्मेवारी बहन गर्न गाउँपालिका स्तरीय आपत्कालिन केन्द्र व्यवस्थापन, विपद् सम्वन्धि सचेतनामुलक तालिम संचालन तथा विपद् व्यवस्थापन जस्ता कार्यक्रमहरु संचालन हुनेछन।

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु**

अब म आ.व. २०८२/०८३ को राजश्व तथा स्रोत परिचालन सम्वन्धमा प्रस्ताव गरिएका व्यवस्थाहरुको विषयमा सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

१. नेपालको संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहलाइ प्राप्त एकल अधिकार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको वित्तिय अधिकार क्षेत्र भित्र स्थानीय सरकारले लगाउन पाउने कर, सेवा शुल्क, दस्तुर तथा अन्य विविध आय संकलनका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

२. कर संकलनका लागी गाउँपालिकाका विभिन्न ठाउँहरुमा घुम्ति शिविरहरु संचालन गर्ने, असल करदातालाई सम्मान गर्ने व्यवस्था मिलाएको छु ।

३. महिला, अपाङ्ग भएका व्यक्ति र दलित समुदायको व्यक्तिहरुलाइ प्राइभेट फर्म दर्ता शुल्कमा २५ प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु ।

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यन्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**अनुमानीत व्यय र स्रोत व्यवस्थापन**

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु ६३ करोड रकम विनियोजन गरेको छु ।कुल विनियोजित रकम मध्ये चालु खर्च तर्फ रु ४१ करोड ४७ लाख ७३ हजार र पूँजिगत खर्च तर्फ २१ करोड ५२ लाख २७ हजार रहेको छ ।

आ.व.२०८२/८३ को लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ ।

| सि.न | विवरण | रकम रु |
|---|---|---|
| १ | **नेपाल सरकारवाट प्राप्त अनुदान** | |
| क | वित्तीय समानिकरण | १० करोड १८ लाख |
| ख | सर्शत अनुदान-चालु | २४ करोड १६ लाख |
| ग | सर्शत अनुदान- पुजिगत | ८ करोड ८७ लाख |
| घ | समपुरक अनुदान | १ करोड २२ लाख |
| ङ | विशेष अनुदान | १ करोड १२ लाख |
| | **नेपाल सरकारवाट प्राप्त अनुदान** | **४५ करोड ५५ लाख** |
| २ | **प्रदेश सरकारवाट प्राप्त अनुदान** | |
| क | वित्तिय समानिकरण | ६९ लाख ०८ हजार |
| ख | सर्शत अनुदान- चालु | - |
| ग | सर्शत अनुदान- पुजिगत | १ करोड ३० लाख |
| घ | समपुरक अनुदान पुँजिगत | ७५ लाख |
| ङ | विषेश अनुदा पुँजिगत | २० लाख |
| | **प्रदेश सरकारवाट प्राप्त अनुदान** | **२ करोड ९४ लाख ०८ हजार** |
| ३ | प्रदेश सरकारको राजश्व बाँडफाँडवाट प्रात अनुदान | ८५ लाख ७६ हजार |
| ४ | नेपाल सरकारवाट राजश्व बाँडफाँड वापत प्राप्त रकम | ९ करोड ३६ लाख ४ सय ८९ |

| | | |
|---|---|---|
| ५ | आन्तरिक आम्दानी | ९० लाख |
| ६ | बैक मौज्दात | ३ करोड ३९ लाख १५ हजार ५ सय ११ रुपैया |
| | कुल जम्मा आय रकम | ६३ करोड |

**बजेटलाई निम्नानुसारका विषयगत क्षेत्रहरुमा रकम विनियोजन गरिएको छ ।**

| क्र.सं | विषयगत क्षेत्र | रकम | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास | २ करोड ९३ लाख ७० हजार | ४.६७ प्रतिशत |
| २ | सामाजिक विकास | ४२ करोड २५ लाख ६५ हजार | ६७.०८ प्रतिशत |
| ३ | पूर्वाधार विकास | ७ करोड २७ लाख ६४ हजार | ११.५५ प्रतिशत |
| ४ | सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र | १ करोड १० लाख ८५ हजार | १.७५ प्रतिशत |
| ५ | संस्थागत विकास तथा सेवा प्रबाह | ९ करोड ४२ लाख १६ हजार | १४.९५ प्रतिशत |
| **६३ करोड** | | | १०० प्रतिशत |

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु,**

बजेट तर्जुमा प्रक्रियामा अमूल्य सुझाव प्रदान गर्ने सम्पुर्ण राजनितिक दल, विभिन्न समिति, निजि क्षेत्र तथा सहकारी क्षेत्र, नागरीक समाज तथा संचार जगतलाइ हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।गाउँपालिकाको आर्थिक सामाजिक विकासको लागि कर तिरि योगदान पुर्याउनुहुने सवै करदाता एवं निजि क्षेत्र लगायत सम्पूर्ण झिमरुकबासी जनता, देश विदेशमा रहनु भएका आमावुवा, दाजुभाइ, दिदिवहिनीहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस सम्मानित सभामा पेश भई सभाले पारित गरेको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न मद्धत पुग्ने गरी वजेट विनियोजन गरिएको छ ।वडा भेलाबाट माग भै आएका तथा गाउँपालिकाले अति आवश्यक ठानेका योजनाहरु मध्ये स्रोत अभावले वजेट व्यवस्थापन गर्न नसकिएका योजनाहरु थप स्रोत प्राप्त भएमा क्रमश प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लगिने छ। गाउँपालिकाबाट आफ्नो स्रोत साधनले नभ्याउने प्रकृतिका योजनाहरु लुम्विनी प्रदेश सरकार र संघीय सरकारसँग माग गरिने छ ।

प्रस्तुत बजेट तर्जुमामा सहयोग गर्नुहुने झिमरुक गाउँपालिकाका अध्यक्षज्यू, प्रमुख प्रशासकिय अधिकृतज्यू, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विभिन्न विषयगत समिति, वडाध्यक्षज्यूहरु, वडा समितिहरु, राष्ट्रसेवक कर्मचारीहरु, सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्तमा, गाउँपालिकाको विकास र समृद्धिका लागि बजेट स्रोतको सुनिश्चितता गरिदिने संघीय सरकार र लुम्विनी प्रदेश सरकार तथा निरन्तर सद्भाव र सहयोग पुर्याउने आम नागरीक, जनप्रतिनिधि, राजनितिक दल, राष्ट्रसेवक

कर्मचारी,  सुरक्षा निकाय, करदाता, गाउँपालिकाको हित र समुन्नतीमा कार्यरत सवै विकास साझेदार, सरकारी, गैरसरकारी तथा सामुदायीक संस्थाहरु र संचार जगतप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

धन्यबाद !
प्रमोद पोखेल
उपाध्यक्ष तथा संयोजक
बजेट तथा कार्यक्रम तर्जुमा समिति
झिमरुक गाउँपालिका प्यूठान
मिति २०८२/०३/१०

अनुसुचिहरु